**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २ गते शुक्रबार ❑ 16 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## शान्ति, सुशासन र विकासको जनआकाङ्क्षा पूरा गर्न निर्वाचन सफल पारौं: राष्ट्रपति

**पोखरापत्र संवाददाता**
बागलुङ, १ माघ



राष्ट्रपति रामचन्द्र पौडेलले परिवर्तित सन्दर्भमा नवपुस्ता मात्र नभएर सबै नेपालीको चाहनाअनुसार सुरक्षित भविष्यको लागि मुलुकलाई निकास दिन आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल पार्न अनुरोध गर्नुभएको छ।

बाग्लुङको बलेवास्थित त्रिभुवन माध्यमिक विद्यालयले बिहीबार विद्यालय परिसरमा आयोजना गरेको हीरक महोत्सवमा उहाँले शान्ति, सुशासन, विकास र समृद्धिको जनआकाङ्क्षा पूरा गर्नुपर्ने दायित्वका लागि यो निर्वाचनलाई सफल पार्नुपर्ने बताउनुभएको उहाँको सचिवालयले जनाएको छ । "हामीले ठूलो सङ्घर्ष र बलिदानबाट प्राप्त गरेको संविधान र सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीले शासनमा बसेकाहरूबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनचाहना पूरा हुनुपर्छ ।

यो हामीले बिर्सन हुन्न", राष्ट्रपतिले भन्नुभयो । जनताको हित र सेवालाई केन्द्रमा राखेर सुशासनको माध्यमबाट भ्रष्टाचार, ढिलासुस्ती, विकृतिको अन्त्य गरी विकासको गतिलाई तिव्रता दिनु आजको आवश्यकता भएको बताउँदै राष्ट्रपतिले परिवर्तित सन्दर्भमा नवपुस्ता र जनचाहनाअनुसार मुलुकलाई निकास दिने अहिलेको सर्वोत्तम उपाय निर्वाचन हो भन्नुभयो । राष्ट्रपति पौडेलले मुलुकलाई राजनीतिको दुष्चक्रमा पर्न नदिन आपसी समझदारी, समवन्य र सहकार्यबाटै निर्वाचनको महायज्ञलाई सफल पार्न आग्रह गर्नुभयो । "शिक्षा र रोजगारीका लागि युवा विदेश पलायन हुने समस्याले आज हामी सबैलाई चिन्तित तुल्याएको छ", उहाँले भन्नुभयो, "शिक्षामा लगानी बढाएर शिक्षा र रोजगारीको लागि विदेशीने चिन्ताजनक अवस्थाको अन्त्य गर्न स्वदेशमै रोजगारी, उत्पादन र उद्यमशीलताका नवीन आयामहरूको विकासमा जोड दिनु हामी सबैको दायित्व हो ।"

राष्ट्रपति पौडेलले बदलिँदो विश्वमा गुणस्तरीय, प्रविधिमैत्री र मूल्यमा आधारित शिक्षाको आवश्यकता बढ्दै गएको उल्लेख गर्दै विद्यालयहरूले ज्ञानसँगै नैतिकता, सीप र संस्कार सिकाउनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रको भविष्य र राष्ट्र निर्माणको आधारशिला नै शिक्षा भएको र यसलाई सरकारले सधैँ प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै राष्ट्रपतिले भन्नुभयो,"देश विकासको लीगि कृषिलाई आधुनिकीकरण, व्यावसापयकीकरण र औद्योगिकीकरण गर्ने शिक्षा नै अहिलेको आवश्यकता हो । नवप्रवर्तन, अनुसन्धान र व्यावसायिक क्रियाकलापमार्फत शिक्षालाई उद्यमशीलतासँग जोड्दै जीवनोपयोगी बनाउनुपर्छ ।"

## ढुंगेसाँघुको मेलामा २७ थरिका कन्दमुल प्रर्दशनी, शंकर आचार्य सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ



पोखरा १७ ढुंगेसाँघुमा लागेको माघे शंक्रान्ति मेला (हार्ट बजार) मा यसपाली २७ थरीका कन्दमुल प्रर्दशनी भएको छ।

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखाको आयोजनामा महानगरस्तरीय चौथो बृहत कन्दमुल (घर तरुल, वन तरुल, गिठा भ्याकुर, सिमलतरुल, खकरखण्ड) प्रर्दशन गरिएको उक्त कार्यक्रममा २७ थरिका कन्दमुल प्रर्दशनी भएको महानगरका आर्थिक बिकास महाशाखा प्रमुख मनोहर खडरियाले बताउनु भयो।

चौथो राष्ट्रिय कृषि जैविक विविधता दिवसको अवसरमा विहिबार भएको उक्त कार्यक्रममा पोखरा १७, २२, २१, २३ र १३ का वडाबाट कन्दमुल व्यवसायी किसानहरुले उत्पादन गरेका विभिन्न २७ थरिका कन्दमुल प्रर्दशनी भएको उहाँले जनाउनु भयो। "कृषि जैविक विविधता, हाम्रो अमुल्य सम्पदा, संरक्षण उपभोग र प्रर्बधनमा युवा सहभागिता भन्ने नारा सहित आयोजित कार्यक्रममा धेरै थरिका कन्दमुल उत्पादन गर्ने किसानलाई प्रोत्सानको लागि सम्मान गरिएको कडरियाले जनाउनु भयो।

उक्त प्रदर्शनीमा १७ थरीका कन्दमुल प्रर्दशनी गर्नु भएको पोखरा १७ का कन्दमुल व्यवसायी किसान शंकर आचार्यलाई सम्मान गरिएको छ । पोखरा १७ का वडाध्यक्ष राधिका कुमारी शाहीले उक्त कार्यक्रम समापनको अवसरमा नगद ५ हजार सहित सम्मान गर्नु भएको थियो । त्यसै गरी प्रतियोगितामा पोखरा २२ का किसान प्रदिप ढकाल दोश्रो, पोखरा २२ कै देविलाल बराल तेश्रो, पोखरा २१ का गणेश पराजुली शान्त्वोना हुनु भएको छ । कृषि विकास कार्यालय कास्कीका प्रमुख सुदिप खतिवडाले यस्तो कार्यक्रमले वास्तविक किसानलाई कन्दमुल खेति गर्न प्रोत्साहन हुने बताउनु भयो । कार्यक्रममा कृषि बागवानी केन्द्र कास्कीले समेत केन्द्रमा उत्पादन भएका पिडालु, तरुल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विशेष महाधिवेशनबाट पारित दस्तावेज र केन्द्रीय कार्य समितिको विवरण निर्वाचन आयोगमा

**रासस**
काठमाडौं, १ माघ

नेपाली कांग्रेसको दोस्रो महाधिवेशनबाट नवनिर्वाचित गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्य समितिले विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा विवरण पेस गरेको छ।

सभापति थापाको नेतृत्वमा नवनिर्वाचित केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्यहरु बिहीबार आयोगको केन्द्रीय कार्यालय बहादुर भवन पुगी राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम केन्द्रीय कार्य समितिका पदाधिकारी हेरफेर भएको विवरण पेस गरेका हुन् । विवरण पेस गर्दै सभापति थापाले विशेष महाधिवेशनले गरेका निर्णय, पारित गरेका दस्तावेज र नवनिर्वाचित केन्द्रीय कार्य समितिको विवरण पेस गरिएको सञ्चारकर्मीलाई जानकारी दिनुभयो । विशेष महाधिवेशनले सभापतिसहित सिङ्गो केन्द्रीय कार्य समिति नै परिवर्तन गरिएको विवरण पेस गरिएको उहाँले बताउनुभयो ।

विवरण बुझाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै थापा नेतृत्वको नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टी फुटेको नभई विधानअनुसार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कर छुटको सुविधा चैत मसान्तसम्म

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ

पोखरा महानगरपालिकाको १८औं नगरसभाले पुस मसान्तसम्मको लागि तोकिएको कर छुटको समयावधिलाई आगामी चैत मसान्तसम्म बढाएको छ।

राजस्व सङ्कलन प्रणालीमा आएको समस्याका कारण सेवाग्राही मर्कामा पर्नसक्ने अवस्थालाई दृष्टिगत गर्दै नगरसभाले उक्त समयावधि थप्ने निर्णय गरेको हो । चालु आर्थिक वर्षमा पुस मसान्तभित्र कर बुझाउने करदातालाई १० प्रतिशत छुट दिने आर्थिक ऐनको प्रावधान भए पनि महानगरको राजस्व सङ्कलन प्रणालीमा समस्या आउँदा कर तिर्न आएका सर्वसाधारण फर्किनुपर्ने अवस्था सिर्जना भएको महानगरका सूचना अधिकारी कृष्णप्रसाद तिवारीले जानकारी दिनुभयो । सेवाग्राहीले चाहेर पनि राजस्व सङ्कलन प्रणालीको समस्याका कारण कर तिर्न नसकेकाले कर छुटको समयलाई चैत मसान्तसम्म बढाइएको उहाँले बताउनुभयो ।

यसअघि प्रणालीमा देखिएको समस्याका कारण सेवाग्राही मर्कामा परेका भन्दै उक्त छुटको समयावधि बढाउन वडा १३ का वडाध्यक्ष किरण बरालले ध्यानाकर्षणपत्र बुझाउनुभएको थियो ।

## रतनपाण्डे माविमा संगीता पोखेलले रचिन इतिहास

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ





घरको आँगनबाट कक्षाकोठासम्मको उनको यात्रा कहिल्यै सजिलो रहेन । बिहान सबेरै घरधन्दा सम्हाल्दै, परिवारका सदस्यका आवश्यकता पूरा गर्दै उनी दिनहुँ विद्यालयतर्फ लाग्थिन् ।

पोखरा ९ नयाँबजार देखि आर्वा १३ सम्म हातमा किताब, मनमा सपना र काँधमा जिम्मेवारी बोकेर अघि बढिरहने ती पाइला आज विद्यालयको नेतृत्वसम्म आइपुगेका छन् । सामाजिक सीमाना र पारिवारिक दायित्वबीच पनि उनले शिक्षालाई आफ्नो जीवनको मूल मार्ग बनाइन् । घरको काम र विद्यालयको जिम्मेवारीबीच सन्तुलन मिलाउँदै उनले कहिल्यै हार मानिनन् । विद्यार्थीको भविष्य उज्यालो बनाउने दृढ अठोटले उनलाई निरन्तर अघि बढाइरह्यो । दीर्घकालीन मेहनत, इमानदार सेवा र शिक्षाप्रतिको निष्ठाको प्रतिफलस्वरूप आज उनी विद्यालयको प्रधानाध्यापक बनेकी छन् संगीता पोखेल ।

प्रधानाध्यापकको पद केवल प्रशासनिक जिम्मेवारी मात्र होइन; यो हजारौं विद्यार्थीका सपना र अभिभावकका आशा बोकेको नेतृत्व हो । विद्यालयको शैक्षिक गुणस्तर सुधार, शिक्षक विद्यार्थीमैत्री वातावरण निर्माण र अनुशासित व्यवस्थापनमा उनले नयाँ ऊर्जा थपेकी छन् । उनको सफलताले एउटी महिलाले घर र करिअर दुवै सम्हाल्न सक्छिन् भन्ने सन्देश दिएको छ। दृढ इच्छाशक्ति, निरन्तर परिश्रम र आत्मविश्वास भए महिलाले नेतृत्वको शिखर चुम्न सक्छन् भन्ने प्रेरणादायी उदाहरण बनेकी छन् उनी ।

वि.सं. २०१४ सालमा स्थापना भएको पोखरा महानगरपालिका १३ स्थित रतनपाण्डे माध्यमिक विद्यालय, आर्वामा संगीता पोखेल पहिलो महिला प्रधानाध्यापकको रूपमा नियुक्त भएकी हुन् । विद्यालय व्यवस्थापन समितिको हालै बसेको बैठकले उनलाई प्रधानाध्यापक बनाउने निर्णय गरेको हो । निर्णयलाई वडा नं १३ वाट लिएका स्विकृति पत्र पोखरा महानगरपालिका शिक्षा महाशाखामा बुझाइ सोही शाखाबाट सहमति लिइ प्रधानाध्यापक नियुक्त गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद वरालले पोखरापत्रलाई बताए। गत मंगलवार नै विद्यालयमा प्रधानाध्यापकको रुपमा पोखेललाई पदभार ग्रहण गराइएको अध्यक्ष बरालले भने । नवनियुक्त प्रधानाध्यापक पोखेलले पदभार ग्रहण गरेसँगै विद्यालयको वातावरणमा देखिएको परिवर्तनलाई यसरी वर्णन गरिन्छ । विद्यालय परिवार, अभिभावक र स्थानीय बासिन्दामा एकाएक उत्साह छाएको छ। पोखेल वि.सं. २०५२ सालमा प्राथमिक तहको अस्थायी शिक्षकको रूपमा शिक्षण पेशाको पवित्र आँगनमा पाइला टेकेकी थिइन् । त्यसपछि उनी कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । क्षमता र लगनशीलताका कारण वि.सं. २०६३ सालमा उनी प्राथमिक तहको स्थायी शिक्षक बनिन्। सिक्ने र अघि बढ्ने हुटहुटीले उनलाई त्यतिमै रोकिन दिएन। फलस्वरूप वि.सं. २०७१ सालको शिक्षक सेवा आयोगको खुला प्रतिस्पर्धाबाट नाम निकाल्दै उनी निम्न माध्यमिक तहको स्थायी शिक्षक बन्न सफल भइन् । सोही नियुक्त पत्र लिएर रतनपाण्डे माविमा प्रवेश गरेकी हुन् पोखेल। आज त्यही अनुभव, योग्यता र प्रतिबद्धताले उनलाई विद्यालयको नेतृत्व गर्ने स्थानसम्म पुऱ्याएको छ। छ दशकभन्दा बढी समय हिउँद-वर्षा सहँदै आएको यस विद्यालयले हजारौं विद्यार्थी उत्पादन गऱ्यो।

देशले धेरै डाक्टर, इन्जिनियर र नेताहरू पायो । तर विद्यालयको ६७ वर्षे इतिहासमा एउटा कुरा सधैं उस्तै रह्यो विद्यालय हाँक्ने 'सारथी' सधैं पुरुष नै भए। प्रधानाध्यापकको कुर्सीमा कहिल्यै महिला देखिएनन् । आज त्यो इतिहास बद्लिएको छ । विद्यालय हाँक्ने कुर्सीमा आत्मविश्वासले सजिएकी एक नारीको उपस्थितिले रतनपाण्डे माविमा नयाँ युगको संकेत गरेको छ। उनै संगीता पोखेलले विद्यालयमा इतिहास रचिन । महिला नेतृत्वले विद्यालयको शैक्षिक तथा भौतिक विकासमा कायापलट ल्याउने अपेक्षा गरिएको विद्यालयकी शिक्षिका बविता पौडेलले पोखरापत्रलाई बताइन् ।



# राष्ट्रिय विद्यार्थी गुणीय चक्र सम्मेलन जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ

पोखराको सेन्ट मेरीज स्कुलमा आयोजित १९ औं राष्ट्रिय विद्यार्थी गुणीय चक्रको सम्मेलन जारी रहेको छ । कार्यक्रमको दोश्रो दिन मनशा स्मृति सर्व गुणीय व्यक्ति पुरस्कार छनौटका लागि पहिलो चरणबाट छनौट भएका विद्यार्थीहरु बीच स्टेज राउण्डमा प्रश्नउत्तर सम्पन्न भएको छ । प्रश्नउत्तर कार्यक्रममा देशभरबाट छनौट भएका ९ जना प्रतिभावान विद्यार्थीहरुको सहभागीता रहेको थियो ।

कपिलवस्तुको बालज्योति इङ्लिश बोर्डिङ स्कुलका आलोक तिवारी, काठमाडौंको ब्राइट फ्युचर सेकेन्डरी स्कुलकी गृष्मा भट्ट, मोरङको कुडोस विद्यासदनकी खुशी भट्टराई, पोखराको ज्ञान बगैंचा ईङ्गलिस बोर्डिङ स्कुलका प्रसून पन्त, झापा मोडल ईङ्गलिस सेकेन्डरी स्कुलका प्रणव मण्डल र प्रिदिशा बराल, काभ्रेको काठमाडौं युनिभर्सिटी हाई स्कुलका सम्यक पोखरेल, काठमाडौंको बेबिलोन नेशनल स्कुलकी सारा काफ्ले र जगत मन्दिर सेकेन्डरी स्कुलका




सुमिन कोइराला पनि छनौटमा परेका छन् ।

क्वेष्ट नेपालका प्रमुख संरक्षक प्रोफेसर दिनेश प्रसाद चापागाईंकी कान्छी छोरी स्वर्गीय मनशा शर्माको सम्झनामा स्थापित यो पुरस्कार यस वर्ष नवौं पटक प्रदान भइरहेको छ । जुलाई १३, २०१५ मा मात्र ३० वर्षको उमेरमा निधन भएकी मनशाको स्मृतिमा २०१५ मा स्थापना भएको यस पुरस्कारले अहिलेसम्म २१ जना छात्रा र १९ जना छात्रहरूलाई सम्मानित गरिसकिएको छ । विद्यार्थी गुणीय चक्र कार्यक्रममा विभिन्न विद्यालयहरूबाट छनौट भएका विद्यार्थीहरूको वेब-आधारित साइकोमेट्रिक परीक्षणमार्फत टोटल क्वालिटी पर्सन इन्डेक्स मापन गरिएको थियो । काठमाडौं, पोखरा, कपिलवस्तु, झापा, मोरङ र काभ्रेका विभिन्न विद्यालयका विद्यार्थीहरू अन्तिम चरणमा पुगेका छन् । पाँच सदस्यीय निर्णायक समितिमा क्वेष्ट नेपालका सल्लाहकार /थिङ्क ट्याङ्क निराजन अधिकारी र प्रमुख सल्लाहकार सुरिना सुनयनी गुरुङ, बेटर चितवन संस्थाका संस्थापक सागर क्षेत्री, सफ्टवेरिका कलेजका कोर्स डाइरेक्टर सिद्धार्थ न्यौपाने र सेन्ट मेरीज सेकेन्डरी स्कूल पोखराकी इत्तुलोजिजु रहेका थिए । पुरस्कार विजेताहरूले मान्यताको प्रमाणपत्र, ट्रफी र पाँच हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । यस पुरस्कारको मूल उद्देश्य विद्यार्थीहरूमा राम्रो चरित्र र स्मार्ट चरित्र दुवैको विकास गर्दै सम्पूर्ण गुणस्तरीय व्यक्तित्व निर्माणमा प्रोत्साहन गर्नु रहेको थियो । सम्मेलनमा जलवायु परिवर्तन, फोहोर व्यवस्थापन, एआइ र कोडिङ जस्ता समसामयिक विषयमा पनि विशेष कार्यशालाहरू सञ्चालन भइरहेका छन् । जस अन्तर्गत कार्याशालामा सहभागी विद्यार्थीहरुलाई कार्बन फुट प्रिन्ट ,फोहोर व्यवस्थापन र विद्यार्थीको रूपमा हाम्रो दायित्व ,जलवायु परिवर्तन/ग्लोबल वार्मिङको बारेमा ई. सागर कार्कीले सहजीकरण गरेका थिए ।

त्यस्तै ए आई र कोडिङ, जिम्मेवार एआई निर्माण, एआईका कारण र नैतिकता, राम्रो भविष्यको लागि कोडिङ, भविष्यका नेताहरूको लागि एआईको बारेमा ई. सिद्धार्थ न्यौपानेले सहजीकरण गरेका थिए । हिंजो देखि तीन दिन सम्म हुने सम्मेलनमा विविध शैक्षिक तथा सिर्जनात्मक गतिविधिसहित सञ्चालन भइरहेको छ ।

सम्मेलनको पहिलो दिन झैं समानान्तर सत्र, प्यानल छलफल, विद्यार्थी गुणीय चक्र केस स्टडी प्रस्तुति, प्रतिस्पर्धात्मक कार्यक्रम, कार्यशाला तथा अवलोकन भ्रमण (साइट सिइङ) कार्यक्रमहरू सञ्चालन भैरहेका छन् ।



सीताघाटमा भक्तजन : माघे सङ्क्रान्तिको अवसरमा पोखरा-१७ सेतीनदीस्थित सीताघाटमा स्नान तथा पूजाअर्चना गर्न आएका भक्तजन । भक्तजन बिहान घाटमा स्नान गरेर प्राचिन मेला ढुङ्गेसाँघुमा सहभागी हुने गर्दछन् । तस्बिर : हरिप्रसाद बास्तोला / रासस

# मिस तामाङ पोखरा-२०२६ को तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ

तामाङ समुदायको भाषा, संस्कृति र पहिचान प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना हुन लागेको मिस तामाङ पोखरा-२०२६ को सम्पूर्ण तयारी पूरा भएको छ ।

बैदाम तामाङ सेवा समाजको आयोजनामा सम्पन्न हुन लागेको प्रतियोगिताको ग्राण्ड फिनाले माघ ३ गते शनिबार पोखरा इभेन्ट सेन्टर, बुलौदी लेकसाइडमा आयोजना हुँदैछ। प्रतियोगितामा ८ जना युवती सहभागी छन्, जसले सौन्दर्यसँगै क्षमता, आत्मविश्वास, संस्कृति र नेतृत्व प्रस्तुत गर्नेछन् ।

व्यवसाय व्यवस्थापन अध्ययनरत सोममाया मोक्तान तामाङ उद्यमशीलता र महिला आत्मनिर्भरतामा केन्द्रित सोच बोकेकी छिन्। सलिना स्याङ्तान तामाङ कला र चित्रकलामार्फत तामाङ संस्कृतिको प्रवर्द्धन गर्न चाहन्छिन्। गीत-संगीतप्रेमी सुप्रिया




गोले तामाङ मौलिक तामाङ गीतलाई नयाँ पुस्तासम्म पुऱ्याउने लक्ष्यमा छन्। सबैभन्दा कम उमेरकी प्रतियोगी खुसी मोक्तान तामाङ लोकनृत्यप्रति समर्पित रहँदै सांस्कृतिक प्रशिक्षक बन्ने सपना देख्छिन् । त्यसैगरी, गायनमा रुचि राख्ने माया दुम्जन तामाङ, तामाङ सेलो नृत्यमा दक्ष सोनी पाख्रिन तामाङ, मेकअप आर्टमा रुचि राख्ने कविना घिसिङ तामाङ तथा सेल्फ ब्राइडल मेकअपमार्फत आत्मविश्वासको सन्देश दिन चाहने रोज स्याङ्देन लामा प्रतियोगितामा सहभागी छन् । आयोजकका अनुसार प्रतियोगीहरूलाई बोल्ने कला, महिला सशक्तीकरण, तामाङ भाषा, संस्कार तथा संस्कृति, साइबर सुरक्षा, महिला अधिकार, सेल्फ डिफेन्स, स्टेज प्रस्तुति र कोरियोग्राफीलगायत विषयमा विभिन्न क्षेत्रका विज्ञ तथा ख्यातिप्राप्त व्यक्तित्वहरूबाट तालिम प्रदान गरिसकिएको छ ।

कार्यक्रम संयोजक रोशिला ब्लोन तामाङले प्रतियोगितामार्फत युवतीहरूको आत्मविश्वास र नेतृत्व क्षमता विकास भएको बताउँदै ग्राण्ड फिनालेका लागि सबै तयारी अन्तिम चरणमा पुगेको जानकारी दिइन् । समाजका अध्यक्ष ज्याक तामाङले मिस तामाङ पोखरा प्रतियोगिता सौन्दर्य प्रतियोगिताभन्दा फरक, पहिचान र सशक्तीकरणको अभियान भएको उल्लेख गर्दै सफल आयोजनाका लागि सबै पक्ष तयार रहेको बताए।

ग्राण्ड फिनाले कार्यक्रममा कलाकारहरू बुद्धी तामाङ, दिनेश डिसी, फुलकुमार बोम्जन, विवेक दोङ र सन्तोष बस्याललगायतको विशेष प्रस्तुति रहनेछ । कार्यक्रम नेपाल सरकारका निवर्तमान ऊर्जा मन्त्री तथा 'उज्यालो नायक' कुलमान घिसिङको प्रमुख आतिथ्यतामा सम्पन्न हुनेछ । प्रतियोगिताको विजेताले ताज, ट्रफी, प्रमाणपत्रसहित नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछिन् भने फस्ट रनरअप, सेकेन्ड रनरअप तथा भ्युअर्स च्वाइसतर्फ पनि आकर्षक नगद पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

# पोखरा उपत्यकाका ताल-सिमसार क्षेत्रमा प्रजाति विविधता घट्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ

पोखरा उपत्यकाका ताल-सिमसार क्षेत्रमा चराको सङ्ख्या बढ्दा प्रजाति विविधता घटेको पाइएको छ ।

टाइगर माउन्टेन पोखरा लज र पोखरा पन्छी समाजका तर्फबाट संयुक्त रुपमा गरिएको जलपन्छी गणनाको आज सार्वजनिक गरिएको नतिजाले सन् २०२५ को तथ्याङ्कसँग तुलना गर्दा यस वर्ष कूल चराको जनसङ्ख्या १० दशमलव दुई प्रतिशतले वृद्धि भए पनि चराको प्रजाति विविधता १३ दशमलव दुई प्रतिशतले घटेको पाइएको छ ।

एसियाली जलपन्छी गणना पोखराका क्षेत्रीय संयोजकद्वय झलक चौधरी र मनशान्त घिमिरले विज्ञप्तिमार्फत पोखरा उपत्यकाका ताल तथा सिमसार क्षेत्रमा सन् २०२६ को जनवरी ९ मा सम्पन्न गणनाबाट नतिजा सार्वजनिक गर्नुभएको हो । क्षेत्रगत रूपमा यहाँको रूपमा तालमा प्रजाति सङ्ख्या र चराको जनसङ्ख्या दुवैमा वृद्धि भएको पोखरा पन्छी समाजका अध्यक्ष घिमिरेले जानकारी दिनुभयो ।

मैदी तालमा पनि प्रजाति सङ्ख्या बढ्नुका साथै चराको सङ्ख्या वृद्धि भएको पाइएको जनाउँदै उहाँले ती क्षेत्रहरूमा आवास अवस्था अपेक्षाकृत अनुकूल रहेको सङ्केत गरेको बताउनुभयो । उहाँका अनुसार दिपाङ, गुन्दे र खास्टेजस्ता क्षेत्रमा चराको प्रजाति तथा जनसङ्ख्यामा उल्लेखनीय गिरावट देखिएको छ ।

विशेषगरी दिपाङ तालमा चराको जनसङ्ख्या करिब ५९ प्रतिशतले घट्नु संरक्षण दृष्टिले चिन्ताजनक मानिएको छ । फेवा ताल अझै पनि सबैभन्दा धेरै चराको बासस्थान बनेको भए पनि यहाँ प्रजाति विविधता घट्दै गएको तथ्याङ्कले दीर्घकालीन संरक्षण, जलाशय व्यवस्थापन र मानवीय गतिविधि नियन्त्रणमा थप ध्यान दिनुपर्ने देखिएको उहाँले बताउनुभयो । प्रजाति विविधता घट्दै जानु र कूल चराको सङ्ख्या बढ्नुले केही सीमित प्रजाति ठूलो सङ्ख्यामा केन्द्रित भइरहेको अवस्था देखाउने जनाउँदै उहाँले यसका कारणमा आवासको एकरूपता, जलाशयको अवस्था, मानवीय दबाब तथा मौसमी प्रभाव प्रमुख कारक रहेको बताउनुभयो ।

अध्ययनले दिपाङ, गुन्दे र खास्टे ताल क्षेत्रमा आवास सुधार, नियमित अनुगमन र संरक्षणमुखी कार्यक्रम आवश्यक रहेको उल्लेख गर्दै घिमिरेले रूपा तालमा अपनाइएका संरक्षण अभ्यासलाई अन्य ताल-सिमसार क्षेत्रमा पनि विस्तार गर्न सकिने बताउनुभयो ।

पोखरा उपत्यकाका ताल तथा सिमसार क्षेत्र जैविक विविधता र प्रकृति-आधारित पर्यटनका लागि महत्वपूर्ण भएकाले स्थानीय सरकार, सरोकारवाला निकाय र समुदायबीच सहकार्य गर्दै दीर्घकालीन संरक्षण रणनीति अपनाउनुपर्ने आवश्यकता रहेको अध्ययनले देखाएको छ ।

# कांग्रेसलाई एकताबद्ध राख्ने प्रयास सफल हुनसकेन : नेता डा कोइराला

**रासस**
काठमाडौं, १ माघ

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीलाई एकताबद्ध राख्ने प्रयास सफल हुन नसकेको बताउनुभएको छ ।

नेता डा कोइरालाले आज एक विज्ञप्ति जारी गरी कांग्रेसलाई एकताबद्ध राख्ने आफ्नो प्रयास सफल हुन नसकेको र यस घटनामा संलग्न हामी सबै चुकेको बताउनुभयो । डा कोइरालाले कांग्रेस एक भएर आसन्न निर्वाचनमा होमिनुपर्छ भन्ने सोचका साथ इमानदार प्रयास गरे पनि विभाजनबाट पार्टीलाई जोगाउन नसकेकामा दुःख व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा आफ्नोसामु आसन्न निर्वाचनमा जाने र आठ दशक लामो कांग्रेस इतिहासको गौरवलाई जोगाउने जिम्मेवारी रहेको बताउनुभयो । नेता डा कोइरालाले अहिलेको विषम परिस्थितिमा पार्टीभित्र एकताको खाँचो रहेको उल्लेख गर्दै सुदृढ कांग्रेसका पक्षमा एक हुन अनुरोध गर्नुभयो ।

नेता डा कोइरालाले पार्टीभित्र गर्नुपर्ने सुधारका प्रक्रिया नरोकिने भन्दै सबैलाई आफ्नो घरमा फर्कन विज्ञप्तिमार्फत आह्वान गर्नुभएको छ ।

# विशेष ...

विधिवत् भएको विशेष महाधिवेशनले नयाँ केन्द्रीय कार्य समिति सर्वसम्मत रुपमा निर्वाचित गरेको जानकारी दिनुभयो । त्यही विवरण अद्यावधिक गर्न पार्टी केन्द्रीय कार्य समितिका पदाधिकारी र केन्द्रीय सदस्यहरु आयोग आएको उहाँले सुनाउनुभयो ।

थापा नेतृत्वको नेपाली कांग्रेसका नवनिर्वाचित महामन्त्री गुरुराज घिमिरेले आयोग आउनुअघि बसेको केन्द्रीय कार्य समितिको बैठकले आगामी फागुन २१ गते हुने निर्वाचनमा टिकट वितरण गर्ने प्रयोजनका लागि संसदीय समिति एवं बोर्ड गठन गर्ने निर्णय भएको बताउनुभयो । निर्वाचनका लागि पार्टीको घोषणापत्र मस्यौदा गर्न सभापति थापाको नेतृत्वमा अर्को समिति गठन भएको उहाँले बताउनुभयो । नवनिर्वाचित केन्द्रीय समितिले वरिष्ठ अधिवक्ता हरिहर दाहाल, वरिष्ठ अधिवक्ता एवं नेपाल बार एशोसियशनका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ता एवं एशोसियशनका अर्का पूर्वअध्यक्ष प्रेमबहादुर खड्कासहितका कानुन व्यवसायी लिएर आयोगमा आएको थियो । सभापति थापाले आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीलाई दोस्रो विशेष महाधिवेशनबाट पारित भएका नीति तथा कार्यक्रमलगायत दस्तावेज र नव निर्वाचित केन्द्रीय कार्य समितिको विवरणलगायत कागजात पेस गर्नुभएको थियो ।

थापा नेतृत्वको नेपाली कांग्रेसले छिटो विवरण अद्यावधिक गर्न माग गरेको छ । आयोग परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै थापा नेतृत्वको कांग्रेसका नवनिर्वाचित पदाधिकारी एवं केन्द्रीय सदस्यहरुले आगामी फागुन २१ गते हुने निर्वाचनका लगि मनोनयन दर्ता गर्ने समय नजिक आएकाले छिटो केन्द्रीय पदाधिकारीसहित केन्द्रीय सदस्यको विवरण अद्यावधिक गर्न माग गर्नुभएको हो । आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार प्रत्यक्ष निर्वाचन हुने १६५ क्षेत्रका लागि माघ ६ गते मनोनयन पत्र दर्ता गर्ने कार्यक्रम छ ।

# ढुंगेसाँघुको ...

सहितका अन्य वालीहरुको समेत प्रदर्शनी भएको थियो । पोखरामा यसपाली १ सय ३० टन तरुल तथा ८० टन जसो सकरखण्ड भित्रिएको महाखाशा प्रमुख कडरियाले बताउनु भयो । प्रतिकेजी ५० देखि २ सय रुपैयामा कन्दमुल बिक्रि भएपनि सामान्यतया प्रतिकेजी ७५ का दरले हेर्दा यसपाली माघे शंकान्तिको अवसरमा मात्र पोखरामा डेढ करोडको कन्दमुलको कारोवार भएको उहाँले दाबी गर्नुभयो । ढुंगेसाँघुको हार्ट बजारमा विहिबार बिहानै देखि बेलुकासम्म हस्ताकलाका सामान देखि कन्दमुल, फलफुल तरकारी र रेडिमेटका सामानहरु खरिद गर्ने उपभोक्ता (दर्शनार्थीहरुको) भिड नै लागेको थियो । पछिल्लो समयमा सितापाइला ढुंगेसाँघु क्षेत्रमा भवन तथा घरहरु निर्माण भएकोले सडकमा दर्शनार्थीहरुको बिहानै देखि बेलुकासम्म अत्याधिक भिड भएको स्थानियले बताउनु भयो ।

# मगर समुदायले मनाए सांस्कृतिक कार्यक्रमसहित माघे सङ्क्रान्ति

**रासस**
काठमाडौं, १ माघ

मगर समुदायले आफ्नो प्रमुख सांस्कृतिक चाड माघे सङ्क्रान्ति आज देशभर विभिन्न सांस्कृतिक कार्यक्रम गरी मनाएका छन् ।

बिहीबार काठमाडौँको टुँडिखेलमा आयोजित विशेष सांस्कृतिक कार्यक्रममा मगर समुदायले आपसमा शुभकामना आदान प्रदान गरे । नेपाल मगर सङ्घ केन्द्रीय कार्यसमितिले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा मगर जातिको मौलिक संस्कृति झल्किने नाच, वेशभूषा, खानपान तथा परम्परागत खेलहरू प्रदर्शन गरिएको थियो । मगर जातिको राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको माघे सङ्क्रान्ति समुदायको पहिचान र परम्परालाई उजागर गर्ने पर्वका रूपमा लिइन्छ । सङ्घका अध्यक्ष ज्ञानेन्द्र पुनमगरले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालले माघे सङ्क्रान्तिलाई राष्ट्रिय पर्वको रूपमा सार्वजनिक बिदा दिएपछि समावेशी लोकतन्त्रको केही अंश भए पनि प्रत्याभूत भएको बताउनुभयो । उहाँकाअनुसार यस पर्वले मगर जातिको पहिचान, सांस्कृतिक सहभागिता, सामाजिक सद्भाव तथा सामुदायिक मानवअधिकार प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास गरिएको छ । कुल पितृको सम्झनामा आज खिचडी, फलफूल तथा फूलपत्रले पूजाआजा गरिने परम्परा छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# कांग्रेसको आधिकारिकता विवाद

देशको पुरानो लोकतान्त्रिक दल नेपाली काग्रेस बुधबारबाट औपचारिक रुपमा विभाजन भएको छ। विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको निर्वाचनको मुखमा विभाजित हुँदा राजनीतिक र कानुनी जटिलता थपिएका छन्। गगन थापाको नेतृत्वमा विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस छ भने शेरबहादुर देउवाको नेतृत्वमा विशेषको पक्षमा नलाग्नेहरु छन् । कांग्रेसमा अहिले आधिकारिकताका विवाद चर्किँदो छ। दुवैले विधानलाई देखाए आफू नै आधिकारिक दाबी गरिरहेका छन् । यो कुरा निर्वाचन आयोग पुगिसकेको छ। आयोगले छिटै नै निर्णय सुनाउने विश्वास पनि नेताहरुको छ। माघ ६ गते प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मनोनयन दर्ता गर्ने दिन छ। कुनले आधिकारिकता पाउने भन्ने जटिलता आउन सक्ने भएकोले समयमै निर्णय दिनुपर्नेछ । निर्वाचन आयोगका लागि निर्वाचनका अन्य काम गर्न भन्दा काङ्ग्रेसको आधिकारिकताका लागि समय दिनुपर्ने भएको छायस्ले निर्वाचनलाई पार्ने जटिलताले निर्वाचन सर्ने त होइन भन्ने अवस्था आएको छ।

विशेष महाधिवेशनले पार्ने साइड इफेक्ट बारे ध्यान नदिदा अहिले दुवै समूह कानुनकाविद्हरुसँगको छलफलमा छन्। गगन समूहले त माघ १ गते आयोगमा पुगेर निर्वाचनबारे जानकारी गराउँदै कानुनविद्सहित आयोगका पदाधिकारीसँग छलफल गरिसकेको छ। उता कार्यबाहक सभापति रहेको देउवा समूहका नेता पूर्णबहादुर खड्कासहितले पनि कानुनविद्हरुसँग छलफल गरेका छन् । छलफलमा सभापति देउवा, खड्का, डा. शेखर कोइराला, कृष्णप्रसाद सिटौलालगायत थिए । देउवा निवास महाराजगञ्जमा कानुनविदसँग नेताहरुले तीन घण्टा छलफल गरेका थिए।'पार्टीको आधिकारिकताको लडाइँ सुरु भएकोछ ।

निर्वाचन आयोगमा वैधानिकताको पत्र दुवै पक्षले दर्ता गराइसकेको छ । यसबारे थप रणनीति तयार पार्न वरिष्ठ अधिवक्ताहरू उपेन्द्रकेशरी न्यौपाने, शेरबहादुर केसी, योगेन्द्रबहादुर अधिकारी, एगराज पोखरेल, डेमोक्रेटिक लयर्श एसोसिएसन (डीएलए) महासचिव ज्ञानेन्द्र अधिकारीलगायत सहभागी थिए। विशेष महाधिवेशनअघि नियमित महाधिवेशनका लागि केन्द्रीय कार्यसमितिले गरेको निर्णय, विशेष महाधिवेशनबाट थापाको नेतृत्वमा बनेको कार्यसमितिको कानुनी हैसियत र निर्वाचन आयोगबाट आउन सक्ने सम्भावित निर्णयबारे देउवा समूहको चासो छ। 'गगन र विश्वप्रकाशले नै नियमित अधिवेशनका लागि माइन्युटमा हस्ताक्षर गरिसकेको अवस्था एकातिर छ। अर्कोतिर 'विशेष अधिवेशन रोकेर नियमित अधिवेशनमा जान आफैँले मार्गप्रशस्त गरिदिएपछि यस्तो अवस्थामा विधानबमोजिम विशेष अधिवेशनले कानुनी हैसियत पाउन नहुने भन्ने कानुनविदको सुझाव छ । गगन समूहले विशेष महाधिवेशनबाट निर्वाचित पदाधिकारी अध्यावधि गरिदिन निवेदन दिएको छ। दुवै समूहले आफुलाई आधिकारिक दावीले निर्वाचन सार्ने अवस्था आएमा निर्वाचन गराउन नचाहेको अवगाल नआओस भन्ने तर्फ सचेतता आवश्यक छ।

संस्थापन पक्षधर नेताहरूले १४औँ महाधिवेशनबाट निर्वाचित समिति तलमाथि हुन नदिन कानुनी सहयोगका लागि कानुनविद्सँग आग्रह गरेका छन । विशेष महाधिवेशनपछि उत्पन्न परिस्थितिमा कसरी जवाफ दिने भनेर तयारी अवस्थामा रहन नेताहरूले आग्रह समेत गरेका थिए । संस्थापन पक्षको कांग्रेस केन्द्रीय कार्यसमितिको बुधबार बसेको बैठकले पार्टीका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा र सहमहामन्त्री फर मुल्लाह मन्सुरलाई पाँच वर्षसम्म साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाव | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चितवनमा जलपक्षी बढे

**रासस**
चितवन, १ माघ

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा हिउँदे आगन्तुक जलपक्षी बढेका छन् । यही पुस २४, २५ र २६ गते (जनवरी ८, ९ र १० तारिख) गरिएको गणनाअनुसार ६२ प्रजातीका जलपक्षी भेटिएका छन् । गत वर्ष गरिएको गणनामा ५५ प्रजातीका आगन्तुक जलपक्षी भेटिएका थिए ।

गत वर्षभन्दा यसवर्ष सात प्रजातीका चरा थपिएका हुन । त्यसमा तिलरी चरा, कुर्मा मलाहा चिल, लामो ठूडे राजपुत्रीका रहेका छन् ।

जलपक्षीणनाका क्रममा आगन्तुक चरा भने घटेका छन् । गतवर्ष आठ हजार ८६ सङ्ख्या देखिएकामा यसवर्ष पाँच हजार ८४८ मात्र देखिएका हुन् । नेपाल पक्षीविद् सङ्घ बागमती प्रदेश अध्यक्ष वासु बिडारीका अनुसार चखेवा यसवर्ष दुई हजार ७४० रहेको छ, भने अघिल्लो वर्ष चार हजार १०७ रहेको उहाँले जानकारी दिनुभयो । जलकौवा र पानी गौथली क्रमशः ५०८ र २०९ रहेको छ। गत वर्षको गणनामा जलकौवा ४५६ र पानी गौथली २५० रहेका थिए।

यस्तै चखेवाको सङ्ख्या एक हजार ३६७ ले घट्नु चुनौतीका रुपमा रहेको पाइएको उहाँले बताउनुभयो । मानवीय चाप, प्रदुषण र मिचाहा प्रवृतिको उपस्थिति थप चुनौतीको रुपमा रहेको उहाँले बताउनुभयो । यहाँका नदी, ताल तलैयामा चरा गणना गरिएको हो । गणनाका लागि ७० जना चरा विज्ञ सहभागी भएका थिए। लोथर खोलाबाट, जिन्दगानीघाट, सौराहा, दुइम्ले खोला, कसरा पुल हुँदै राप्ती नदीमा चरा गणना गरिएको हो। नारायणी नदी, माडीको रिउ खोला, बाटुलीपोखरी, कुमाल ताल, टिकौली ताल, सत्रहजारी ताल र नहर क्षेत्र, निकुञ्जभित्रका लामिताल, तमोर ताल, पटना ताल, भण्डाराको मत्स्यपालन केन्द्र, बूढी राप्तीको चित्रसारी पुलबाट राप्ती दोभानसम्म गणना गरिएको हो ।

वर्ड एजुकेशन सोसाइटी चितवनका अध्यक्ष विजय गिरीका अनुसार राप्ती नदीको घडगाईबाट गोलाघाटसम्म, नारायणीको पूर्वी भडगला, नारायणीकै गाँजापुरबाट गोलाघाटसम्म र दिव्यनगरका घोल एवं फाँटमासमेत गणना गरिएको हो । वर्ड एजुकेशन सोसाइटी, नेपाल पक्षीविद् सङ्घ, राष्ट्रिय प्रकृति संरक्षण कोष, चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती सामुदायिक वनको सहकार्यमा गणना गरिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार पैदल, डुङ्गाको साहायता र गाडीबाट चरा गणना गरिएको हो ।

बाइनाकुलार क्यामेरा, जिपिएस, साउण्ड रेकडर लगायतको प्रयोग गरी चराको गणना गरिएको हो । सङ्घका अध्यक्ष विडारीका अनुसार देशभर ९०४ प्रजातिका चरा पाइन्छन् भने चितवनमा ६६२ प्रजातिका चरा पाइन्छन् । नेपालमा सन् १९८७ बाट चराको गणना थालिएको हो । यसवर्ष ६०औँ पटक गणना गरिएको हो ।

नेपालमा जलपक्षी ठूलो सङ्ख्यामा चीनबाट आउने गर्दछन् । मङ्गोलिया, रुसको दक्षिणी भाग, साइबेरिया, मध्य एशियालगायतका ठाउँबाट धेरै चरा आउँछन् भने पूर्वी युरोपबाट निकै कम चरा आउने उहाँले जानकारी दिनुभयो । चिसो छल्नका लागि चराहरु यहाँ आउने गरेको विडारीले बताउनुभयो । चराको रङ, शरीरको बनोट, आवाज हेरेर र सुनेर गणना गर्ने गरिएको छ ।

# 'निफ' मा ४० देशका ८८ चलचित्र प्रदर्शन गरिने

**रासस**
काठमाडौँ १ माघ

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले नेपाली चलचित्रलाई विश्वबजारसँग जोड्ने उद्देश्यले आयोजना गर्दै आएको 'नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सव' (निफ) को नवौँ संस्करण आगामी चैत १९ देखि २३ गतेसम्म हुने भएको छ ।

यस संस्करणमा दर्शकले पाँच दिनभित्र ४० देशका ८८ चलचित्र हेर्ने पाउने महोत्सवका अध्यक्ष केपी पाठकले जानकारी दिनुभयो। चलचित्रकर्मीहरूसँग अन्तरक्रिया, युवा पुस्ता र एआई (कृत्रिम बुद्धिमत्ता) चलचित्रलाई प्राथमिकतासहित आयोजना हुने उक्त महोत्सव 'विश्वभरका कथाहरुको उत्सव' भन्ने नारा राखिएको अध्यक्ष पाठकले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले यो पटक युवापुस्ता केन्द्रित चलचित्रलाई प्राथमिकता दिएका छौँ । निफलाई युवामैत्री बनाउने हाम्रो प्रयास हो, युवा मेकरहरूलाई प्रोत्साहन गर्न हामीले एआई चलचित्र निर्माण कार्यशाला लगायतका सत्र राखेका छौँ । युवा दर्शकमा आशा जगाउने हाम्रो मुख्य प्रयास रहनेछ ।" अध्यक्ष पाठकका अनुसार कान्स, बर्लिन, भेनिस, ट्राइबेका, सङ्घाइ, लोकार्नो, बुसान र गोवा जस्ता विश्व प्रसिद्ध अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा पुरस्कृत चलचित्र, छोटा चलचित्र, वृतचित्रहरू यसपटक महोत्सवको मुख्य आकर्षण हुन् । महोत्सवमा अन्तरराष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट हुने चलचित्रलाई एक हजार ५०० अमेरिकी डलर राशिसहित 'गौतम बुद्ध अवार्ड' प्रदान गरिनेछ। राष्ट्रिय तथा अन्तरराष्ट्रियबाट कुनै एक चलचित्रलाई 'अन्तरराष्ट्रिय चलचित्र समाज महासङ्घ' को तर्फबाट 'डन कि होते' शीर्षकमा पुरस्कार प्रदान गरिनेछ।

नेपाली प्रतिस्पर्धाअन्तर्गत उत्कृष्ट चलचित्रलाई रु एक लाख र ट्रफी, उत्कृष्ट छोटो चलचित्र र उत्कृष्ट वृत्तचित्रलाई रू ५०/५० हजार र ट्रफी प्रदान गरिनेछ।

महोत्सवमा सर्वोत्कृष्ट अन्तरराष्ट्रिय वृत्तचित्रलाई एक हजार डलर राशिको 'माउन्ट एभरेस्ट अवार्ड' र सर्वोत्कृष्ट अन्तरराष्ट्रिय लघुचल चित्रलाई पाँच सय डलरको 'बागमती अवार्ड' प्रदान गरिनेछ। एआई प्रविधिको चलचित्रलाई पाँच सय अमेरिकी डलरको 'मञ्जुश्री अवार्ड' प्रदान गरिने आयोजकले जनाएको छ।

# उज्वल सहकारीको १८ औँ साधारण सभा एवं छैटौँ अधिवेशन

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ



उज्वल बचत तथा ऋण सहकारी संस्था लि. पोखराको १८औँ वार्षिक साधारण सभा तथा छैटौँ अधिवेशन बुधबार सम्पन्न भएको छ।

अधिवेशनबाट आगामी कार्यकालका लागि संचालक समितिको अध्यक्षमा पुनः नरेन्द्र बास्तोला निर्वाचित हुनुभएको छ । ९ सदस्यीय संचालक समितिको उपाध्यक्षमा बैकुण्ठराज तिमिल्सिना, सचिवमा सुरेन्द्र बास्तोला र कोषाध्यक्षमा मिना कुमारी गुरुङ निर्वाचित हुनुभयो भने सदस्यहरूमा इन्दिरा बराल, विमला श्रेष्ठ, सिता पाण्डे, उमाकान्त रिजाल र सिता शर्मालाई चयन गरिएको छ।

यसैगरी, लेखा समितिको संयोजकमा धिरज थापा तथा सदस्यहरूमा ओमनाथ अधिकारी र केशव बहादुर थापा निर्वाचित हुनुभयो । संचालक समिती र लेखा समितिका सबै पदहरूमा सर्वसम्मत भएको निर्वाचन संयोजक कृष्णराज आचार्यले जानकारी दिनुभयो । साधारणसभाको अवसरमा बोल्दै प्रमुख आमन्त्रित व्यक्तित्व समाजसेवी एवं संस्थाका जेष्ठ सदस्य प्रेमबहादुर श्रेष्ठले आफुले जिबनको लामो समय सहकारी अभियानमा व्यतित गरेको भन्दै अहिले केही छट्टु ब्यक्तिहरुले सहकारी क्षेत्रलाई नै बदनाम गराईदिएकोमा चिन्ता ब्यक्त गर्नुभयो । ऋण प्रवाह गर्दा बिचार गर्नु पर्नेमा जोड दिदै उहाँले बिश्वासको भरमा मात्रै ऋण दिने गरेको कारण सहकारीहरूमा समस्या देखा परेको बताउनुभयो।

संस्थाका सल्लाहकार एवं पत्रकार नारायण काकीले तीन खम्बे अर्थ नितीको बिषयमा प्रकाश पार्दै सहकारीहरु सहकारीका सात सिद्धान्त भित्रै बसेर संचालन हुनु पर्नेमा जोड दिनुभयो । पुनः निर्वाचित भएपछि नवनिर्वाचित अध्यक्ष नरेन्द्र बास्तोलाले उज्वल सहकारीलाई अझ सुरक्षित, पारदर्शी, प्रविधिमैत्री तथा सदस्य-मैत्री संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो । कार्यक्रममा सहकारी विज्ञ धर्मराज अर्याल, सहकारीका साधारण सदस्य एवं पृथ्वीनारायण क्याम्पसका सहायक प्राध्यापक इन्द्र प्रसाद शर्मा लगायतले बोल्नु भएको थियो । संचालक समिति सदस्य विमला श्रेष्ठले स्वागत मन्तव्य ब्यक्त गर्नुभएको कार्यक्रममा अर्का सदस्य पुजन राजभण्डारीले सहकारीका सात सिद्धान्त माथि प्रकाश पार्नुभएको थियो । संस्थाका अध्यक्ष नरेन्द्र बास्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिब सुरेन्द्र बास्तोलाले गर्नुभएको थियो । कार्यक्रममा उत्कृष्ट बचतकर्ता हिमलाल शर्मा तिमिल्सिना र उषा काफ्ले, उत्कृष्ट कारोबार गर्ने आईती श्री थापा र लक्ष्मी कोइराला, हालै नेपाल पुस्तक तथा स्टेशनरी ब्यवसायी महासंघ गण्डकी प्रदेशको सचिबमा निर्वाचित संस्थाका सचिब सुरेन्द्र बास्तोला र कर्मचारीहरु पुस्पराज बास्तोला तथा निर्मला सापकोटालाई सम्मान गरिएको थियो।

# मनोहर कप भलिबल: नवज्योति र पकुवा विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ



पोखरा-१४ मनकामना टोलको खेल मैदानमा जारी मनोहर कप तेस्रो क्लब स्तरीय खुला पुरुष भलिबल प्रतियोगितामा नवज्योति क्लब र पकुवा भलिबल क्लबले जित निकालेका छन्।

बुधबार भएको पहिलो खेलमा नवज्योतिले मादी-७ माथि रोमाञ्चक जित निकालेको हो। पहिलो सेट २५-२० र दोस्रो सेट ३३-३१ ले जित निकालेको नवज्योतिले तेस्रो र चौथो सेट मादीलाई सुम्पियो। मादीले तेस्रो सेट २५-२१ र चौथो सेट २५-२२ ले पुनरागमन गऱ्यो । पाँचौ सेटमा १५-१२ ले जित निकाल्दै नवज्योति अर्को चरणमा प्रवेश गर्न सफल भयो। आजको दोस्रो खेलमा पकुवाले आयोजक महोनर क्लबको 'बी' टिममाथि सोझो सेटको जित निकाल्यो । पकुवाले पहिलो सेट २५-७, दोस्रो सेट २५-६ र तेस्रो सेट २५-१० ले आफ्नो पक्षमा पाऱ्यो । प्रतियोगिताअन्तर्गत भोलि ३ खेल हुनेछन्। भोलिको पहिलो खेल बिहान ८ बजे नवज्योति क्लब र एपीएफ पोखराबिच हुनेछ । त्यसपछि पोखरा युनाइटेड र पोखरा भलिबल ट्रेनिङ सेन्टरबिच खेल हुने तालिका छ। माघ ३ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टोलीले एक लाख ७५ हजार ५५५ रुपैयाँसहित ट्रफी, शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछन् । दोस्रो हुने टोलीलाई एक लाख एक हजार १११ रुपैयाँ प्रदान गरिनेछ । सेमिफाइनलमा पुग्ने दुई टोलीले समान २० हजार पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई ८ हजार र विधागततर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही ५ हजार प्रदान गरिने आयोजकले जनाएको छ। एक टिममा धेरैमा तीन राष्ट्रिय खेलाडी राख्न पाउने व्यवस्था छ। भलिबल संघको समन्वयमा हुन लागेको प्रतियोगिताका सबै खेल हेर्नका लागि दर्शकलाई निशुल्क गरिएको छ।

# पोखरा महोत्सवमा दर्शकको ओइरो

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ



पोखराको अमरसिंह खेल मैदानमा जारी १४ औं संस्करणको पोखरा महोत्सवमा दर्शकको भीड लागेको छ।

महोत्सवको तेस्रो दिन हजारौ दर्शकले महोत्सवको अवलोकन गरे । महोत्सवमा बिहीबार चर्चित लोकदोहोरी गायिका शान्ति श्री परियारको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए।

शान्तिश्री सँगै लोकदोहरी कलाकारहरु चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, सरस्वती लामिछाने, सन्तोष सुवेदी, पार्वती गुरुङ, रमेश थापा मगर लगायतले प्रस्तुती राखेका थिए । साँझको लाइभ कन्सर्टमा युवाहरुमाझ चर्चित लाहुरे आशिष रानाको प्रस्तुतीमा युवाहरुले भरपुर मनोरन्जन लिए। महोत्सवको चौथो दिन लोकदोहोरी गायक बद्री पंगेनी, पार्वती जी.सी. चोलेन्द्र पौडेल, कृष्ण सुवेदी, परशुराम अधिकारी, कमला सुनार, अर्चना चापागाई लगायतको प्रस्तुती रहनेछभने साँझको लाइभ कन्सर्टमा डी मर्चाको प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। महोत्सवमा साँझको लाइभकन्सर्टतर्फ माघ ३ गते अनुप्रस्था, माघ ४ गते दुर्गेश थापा, माघ ५ गते लेकाली ब्याण्ड, माघ ६ गते ए वाई जी, माघ ७ गते रकहेड्स, माघ ८ गते जेम्सी, माघ ९ गते सबिन राई एण्ड फारोह र माघ १० गते भी टेनको प्रस्तुती रहने छ। त्यसैगरी लोकदोहोरी तर्फ माघ ३ गते प्रकाश सपुत र प्रजापति पराजुली, माघ ४ गते समिक्षा अधिकारी, माघ ५ गते अर्जुन सापकोटा, माघ ६ गते प्रीति आले, माघ ७ गते शान्तारानी परियार, माघ ८ गते अस्मिता अधिकारी, माघ ९ गते सम्झना लामिछाने मगर र माघ १० गते प्रकाश दुतराजको प्रस्तुती रहने छ।

# माघेसङ्क्रान्ति मनाउदै म्याग्दीका छन्त्याल र मगर समुदाय

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ माघ

म्याग्दीमा बसोबास गर्ने मगर र छन्त्याल समुदायमा माघेसङ्क्रान्ति पर्वको रौनक छाएको छ।

जिल्लामा बाहुलता रहेको मगर समुदायले माघेसङ्क्रान्ति र साउनेसङ्क्रान्तिलाई विशेष महत्वका साथ मनाउने गर्दछन । अल्पसङ्ख्यक छन्त्याल समुदायले माघेसङ्क्रान्तिलाई सबैभन्दा ठूलो पर्वका रूपमा मनाउने गर्दछन । नेपाल मगर सङ्घ म्याग्दीका अध्यक्ष खम थापामगरले साउने सक्रान्तिलाई हिउँद र माघेसङ्क्रान्तिलाई बर्खा सुरू भएको दिनका रूपमा मगर समुदायले धुमधामका साथ मनाउने चलन रहेको बताउनुभयो । "प्रकृतिका पुजारी मगर समुदायले साउनेसङ्क्रान्तिलाई हिउँद र माघलाई बर्खा सुरु भएको दिनका रूपमा मान्ने गर्दछन्", उहाँले भन्नुभयो, "माघेसङ्क्रान्तिमा आफन्त र चेलीबेटीलाई बोलाएर मिठामिठा परिकार खुवाउने चलन छ ।" यो पर्वलाई माइती र कुटुम्बको भेटघाट, शुभकामना आदानप्रदान र खुसी साटासाट गर्ने अवसरका रूपमा लिने गरिन्छ। मगर बस्तीमा माघे र साउनेसङ्क्रान्तिमा



भेला भएर नाचगान गर्ने, पुर्ख्यौली नृत्य देखाउने र खुसी साटासाट गरी रमाइलो गर्ने चलन रहेको छ।

चेलीबेटीहरू तरुल र सेलरोटी, फलफूल लिएर माघेसङ्क्रान्तिमा माइतीघर जान्छन । यो पर्व मनाउन सहर, बजार र विदेशबाट मगर समुदाय जन्मथलोमा फर्किएका अन्नपूर्ण गाउँपालिका-७ टिकोटकी टिका तिलिजा पुनले बताउनुभयो।

चाडपर्वले आफन्तजन र साथीभाइसँग भेटघाट हुने अवसर जुराएको उहाँले बताउनुभयो। माघेसङ्क्रान्ति पर्वको अवसरमा मगर बस्तीहरूमा खेलकुद तथा सांस्कृतिक मेला आयोजना भएका छन्। म्याग्दी र कालीगण्डकी नदीको दोभानमा पर्ने म्याग्दीको सदरमुकाम बेनी बजारमा २०० वर्षअघि बस्ती बसेदेखि माघेसङ्क्रान्तिको अवसरमा मेला लाग्ने चलन रहेको स्थानीयवासीसमेत रहेका बेनी नगरपालिकाका पुर्वप्रमुख हरिकुमार श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार चामल, कोदो, भाँगो, डोका, डाली, ठेका, घ्यू, तामा, फलामबाट बनेका सामग्री बिक्री गर्न वरपरका मानिसहरू बेनीको माघेसङ्क्रान्ति मेलामा आउने गर्दथे । बेनीस्थित कालीगण्डकी नदीमा स्नान गर्दा पुण्य प्राप्त हुने धार्मिक विश्वास छ। "त्यसबेला अहिलेको जस्तो गाउँ गाउँमा बजार थिएन् । किनमेलका लागि मेला कुर्नुपर्दथ्यो । बेनीमा माघेसङ्क्रान्तिको मेला किनमेलको माध्यम थियो", श्रेष्ठले भन्नुभयो, "युवाहरूले गीत गाउने, नाच्ने गरेर रमाइलो गरेको अझै झलझली लाग्छ ।" समय, परिवेश र जीवनशैलीमा आएको परिवर्तनसँगै बेनीमा हुने मेलाको स्वरुप पनि फेरिएको छ। पछिल्लो समयमा यहाँ मेला र महोत्सव आयोजना गरेर पुरानो परम्परालाई निरन्तरता दिँदै संरक्षण र प्रवर्द्धनमा जोड दिइएको छ। हरेक तीन/तीन वर्षमा स्थानीय उत्पादन, कला, संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले यहाँ महोत्सव आयोजना गरिदै आएको छ। सङ्घअन्तर्गतको महिला उद्यम विकास समितिले महोत्सव नहुने वर्षमा माघेसङ्क्रान्ति मेला सञ्चालन गर्दै आएको छ । यस वर्ष बुधबारदेखि बेनीमा ११ औँ माघेसङ्क्रान्ति मेला, खाना महोत्सव र कृषि मेला प्रदर्शनी सुरु भएको छ। बेनीमा परम्परागत रुपमा लाग्ने माघेसङ्क्रान्ति मेलाको जगेर्ना, स्थानीय खाना, कला संस्कृतिको संरक्षण र सम्वर्द्धन, आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन, प्रतिभा पहिचानका साथै आर्थिक गतिविधिलाई चलायमान बनाउन महोत्सव आयोजना गरिएको समितिका सभापति अम्बिका श्रेष्ठले बताउनुभयो।

# पुष्पलाल मध्यपहाडी लोकमार्ग: यात्रु र चालकलाई सास्ती

**पोखरापत्र संवाददाता**
पर्वत, १ माघ

पुष्पलाल मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वत खण्ड मर्मत सुरु गरिएको छ।

गण्डकी प्रदेशको राजधानी पोखरा जोड्ने मुख्य सडक बिग्रँदा यात्रु र सवारी चालकले सास्ती खेप्दै आएका थिए । सडक डिभिजन कार्यालय, पोखराले कास्की र पर्वतको सिमाना नयाँपुलदेखि पर्वतको मालढुङ्गासम्म मर्मतसम्भार र कालोपत्रको काम सुरु गरेको जानकारी दिएको छ। पहिलो चरणमा पोखराको फेदीतर्फबाट खाल्डाखुल्डी पुर्ने र भत्केको सडक कालोपत्र गर्ने कामसम्पन्न गरी दोस्रो चरणमा पर्वत खण्डमा मर्मतको काम थालनी गरिएको कार्यालयका सब-इन्जिनियर लोकेश पौडेलले जानकारी दिनुभयो । बर्खायाममा धेरै ठाउँमा सडक भत्केको र खाल्डाखुल्डी परेका कारण यातायात सञ्चालनमा कठिनाइ हुँदै आएको ठाउँहरूमा मर्मतसम्भार र आवश्यक ठाउँमा कालोपत्र र टालटुलको काम भइरहेको उहाँको भनाइ छ । लोकमार्ग मर्मतसम्भारका लागि विनियोजित रु ५० लाख बजेटबाट पर्वत र कास्की खण्ड मर्मतको काम अघि बढाइएको हो। शिवालय निर्माण सेवामार्फत सडक मर्मतसम्भारको काम भइरहेको सब-इन्जिनियर पौडेलले जानकारी दिनुभयो । बर्खायाम सकिएलगत्तै सडक मर्मत गर्ने योजना रहे पनि बीचमा ठूला चाडबाड परेको र पछिल्लो वर्षा नरोकिएका कारण ढिलोगरी मर्मतकार्य सुरु भएको हो । जाडोयाममै भए पनि अहिले धमाधम काम भइरहेको पौडेलले बताउनुभयो।

सडक धेरै ठाउँमा बिग्रेकाले मर्मतसम्भारमा छुट्टिएको बजेट अपुग हुने देखिएको सब-इन्जिनियर पौडेलले बताउनुभयो । पर्वत खण्डको सडकमा खाल्डाखुल्डीको समस्या बढी रहेको छ। ठाउँठाउँमा सडक बिग्रँदा सहज र निर्वाध रुपले सवारीसाधन चलाउन सक्ने अवस्था नभएपछि यात्रु र सवारी चालकहरूले लामो समयदेखि गुनासो गर्दै आएका थिए।

सडक कतै भासिएको छ भने कहीँ ठूल्ठूला खाल्डा परेका छन् । सवारीसाधनको बढी चाप हुने मुख्य सडक नै बिग्रँदा दुर्घटनाको जोखिम बढेको थियो । पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुमपूर्वलगायतका जिल्लाबाट उक्त सडक हुँदै दैनिक सयौँ गाडी पोखरा, काठमाडौँ, नारायणगढ हुँदै मुलुकका विभिन्न ठाउँमा आउजाउ गर्ने गरेका छन् ।

कार्यालयका अनुसार नयाँपुलतर्फबाट मर्मत हुँदै अहिले कुश्मा नगरपालिका-८ पराधिसम्म आइपुगेको छ। अब एक महिनामा मालढुङ्गासम्मनै मर्मतको कार्य सकिने कार्यालयले जानकारी दिएको छ । मर्मत सकिएका ठाउँहरूमा धुलो र हिलोको समस्या समाधान भएको चालकहरूले बताएका छन् । आर्थिक वर्ष ०७८/७९ मा निर्माण सम्पन्न भएको लोकमार्गको पर्वत खण्ड दुई वर्षमै भत्किएर जीर्ण बनेको हो।

# मानुङकोट लिफ्ट् खानेपानी आयोजना ८० प्रतिशत सम्पन्न

**रासस**
तनहुँ, १ माघ

जिल्लाको व्यास नगरपालिका-५ स्थित मानुङकोटवासीले वर्षौंदेखि खानेपानी समस्या खेप्दै आएकामा चालु आर्थिक वर्षदेखि उक्त समस्या समाधान हुने भएको छ। मानुङकोट लिफ्ट खानेपानी आयोजना ८० प्रतिशत सम्पन्न भएसँगै चालु आवदेखि खानेपानी वितरण गरिने आयोजना कार्यालयले जनाएको छ।

सङ्घीय सरकारबाट गत वर्ष रु दुई करोड बजेट विनियोजन भएपछि सुरु गरिएको कामको हालसम्म ८० प्रतिशत काम पूरा भइसकेको छ भने तीव्र गतिमा काम भइरहेकाले चालु आवमा सम्पन्न गर्न नगरपालिका सक्रिय रहेको छ। अन्तिम चरणमा रहेको उक्त आयोजना सम्पन्न गर्नका लागि व्यास नगरपालिकाले आन्तरिक स्रोतबाट रु ८५ लाख बजेट विनियोजन गरेको छ। सोही वडास्थित पासर्दी खानेपानी मुहानबाट तीन चरणमा लिफ्टिङ गरी पानी लैजान लागिएको व्यास-५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त मुहानबाट करिब ५०० मिटर उचाइमा लिफ्टिङ गरी मानुङकोटमा पानी पुऱ्याउन लागिएको हो । वडाध्यक्ष श्रेष्ठले भौतिक निर्माणका सबै संरचना सकिएका बताउँदै अब विद्युत्का खम्बा गाड्ने, ट्रान्समिटर जडान गर्ने, पानी लिफ्ट गर्नेलगायत काम बाँकी रहेका उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "मुहानमा निर्माण गरिएको इन्टेकबाट एक लाख लिटर क्षमताका एक र ३० हजार लिटर क्षमताका दुई रिर्जभ ट्याङ्की निर्माण गरिएका छन् ।" मानुङकोट क्षेत्रका बासिन्दालाई पानी पुग्ने गरी मुहानमा इन्टेक बनाउने काम अघि बढिसकेको वडाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार यसअघि इन्टेक नजिक एक लाख लिटर, बीचमा तीस/तीस हजार लिटरका दरले दुई र मानुङकोटमा एक लाख लिटर क्षमताको रिजर्भ ट्याङ्की निर्माण गरिएका छन् । पछिल्लो समय सामाजिक सञ्जालमार्फत चर्चामा आएको पर्यटकीयस्थल मानुङकोटमा पानीको चरम अभाव रहँदै आएका स्थानीयले बताएका छन् । "केही मुहानमा विवाद हुँदा निर्माण ढिलाइ भयो, यो आयोजनाका विषयमा अदालतबाट नगरपालिकाको पक्षमा फैसला भएको छ", वडाध्यक्ष श्रेष्ठले भन्नुभयो, "बाँकी काम सम्पन्न गरी बढीमा दुई-तीन महिनाभित्र खानेपानी पुऱ्याउने लक्ष्य लिइएको छ।"

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले समपूरक योजनाअन्तर्गत खानेपानी आयोजनालाई प्राथमिकतामा राखेर मानुङकोटमा पानीको ट्याङ्की निर्माण गर्न थालिएको बताउनुभयो। "यहाँको खानेपानीको समस्या सम्बोधन गर्न नगरपालिका प्रतिवद्ध छ", उहाँले भन्नुभयो, "हामी स्थानीयलाई यही फर्कने वातावरण बनाउँदैछौँ, यहाँको खानेपानी समस्या अब छिट्टै समाधान हुँदैछ।" विगतमा घण्टौँ लगाएर पानी ल्याउनुपर्ने बाध्यता भएपछि यहाँका स्थानीय बसाइँसरी मानुङकोटको फेदीतर्फ झरेका छन्।

पानी सहज हुने स्थानतर्फ झरेका स्थानीय यहाँ पर्यटक आगमन बढ्न थालेपछि पुनः फर्किन थालेका छन्। करिब पाँच वर्षयता मानुङकोट पर्यटकीयस्थलका रूपमा विकसित हुँदै गएको नगरप्रमुख न्यौपानेले जानकारी दिनुभयो। "विगतमा करिब ५०-६० घरधुरी बस्दै आएकामा पानीको समस्या भएपछि स्थानीय मानुङकोटको फेदी अलैचे, पाटनतर्फ झरेका हुन् । मानुङकोटमा केही सुविधासम्पन्न होटल बन्ने क्रममा छन्", उहाँले भन्नुभयो । पछिल्ला समय यहाँ सुविधासम्पन्न होटल बन्दै गए पनि पानीको समस्या समाधान नहुँदासम्म सास्ती भोग्नुपरेको व्यवसायी चूडामणि दाहालले बताउनुभयो । "ढिलै भए पनि खानेपानी आउँछ भन्नेमा मानुङकोटवासीढुक्कछौँ।नगरपालिकाले पर्यटकीय क्षेत्रको विकासका लागि देखाएको तदारुकता सराहनीय छ", उहाँले भन्नुभयो। दमौलीबाट करिब आठ किमी दूरीमध्ये तीन किमीमा कालोपत्र गरिनुका साथै दुई लेनको सडक विस्तार हुन सके पर्यटकीयको 'हब' बन्ने प्रचुर सम्भावना देखिएको पूर्वजनप्रतिनिधिसमेत रहनुभएका दाहालले बताउनुभयो । यहाँबाट देखिने कुहिरो, हिमशृङ्खला र सूर्योदय पर्यटकको आकर्षणका दृश्य हुन् । हिउँद सुरु भएसँगै कुहिरोले सदरमुकाम दमौली बजारलाई छोप्छ। घाम उदाउँन लागेसँगै कुहिरो विस्तारै फाट्ने गर्दछ र दमौली बजार छर्लङ देखिन्छ । यससँगै हिमशृङ्खला पनि सुन्दर देखिने हुँदा पर्यटकको आकर्षणस्थल बन्ने गरेको दाहालले बताउनुभयो । यही हिमशृङ्खला र डाँडाबाट देखिने चारैतिरको सुन्तरता हेर्न पर्यटक लालायित हुने गर्दछन् । मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ। यहाँको लोभलाग्दो दृश्यले पर्यटकलाई आनन्दित तुल्याउने गरेको छ । यी मनोरम दृश्यावलोकनका लागि आउने पर्यटककै कारण अन्यत्र पुगेका स्थानीय गाउँ फर्किएर विभिन्न व्यापार, व्यावसाय सञ्चालन गर्न थालेका हुन् । पर्यटकीय क्षेत्रका रूपमा मनुङकोट विकास हुँदै जाँदा यहाँ स्थानीय होटल व्यवसायमा संलग्न हुन थालेका छन्।

मानुङकोट पर्यटकीयस्थलका रूपमा विकास हुँदै गएपछि पानीको अभावले रित्तिएको बस्ती अहिले पर्यटकीयस्थलका रूपमा विकास भएसँगै स्थानीय फर्किन थालेका छन्।



नाङ्लोको व्यापारः पोखरा-१७ स्थित महतगौडा ढुङ्गेसाघुमा लागेको माघे सङ्क्रान्ति मेला बिक्रीका लागि राखिएको नाङ्लो खरिद गर्न हेर्दै सर्वसाधारण। तस्बिरः जमुनावर्षा शर्मा/रासस

# राष्ट्रपतिलाई मायाको चिनो 'बुट्टेनली'

**पोखरापत्र संवाददाता**
बागलुङ, १ माघ

हिजोआज विभिन्न कार्यक्रममा मायाको चिनोका रुपमा आयातित वस्तु बढी प्रयोग हुन्छन्। ती वस्तु न प्रयोग गर्न मिल्छन्, न त कुनै पहिचान मौलिकता झल्काउँछन् । पछिल्लो समय यदाकदा स्थानीय उत्पादनलाई कोसेलीका रुपमा दिने प्रचलन सुरु भएको छ । बागलुङको एक विद्यालयले मौलिक संस्कृतिको जगेर्ना र संरक्षणका लागि राष्ट्रपतिलाई नै 'बुट्टेनली' मायाको चिनोका रुपमा दिएको छ । बिहीबार बागलुङ नगरपालिका-१३ पैयुँपाटास्थित त्रिभुवन माध्यमिक विद्यालयको हीरक जयन्तीलाई सम्बोधन गर्न आउनुभएका राष्ट्रपति रामचन्द्र पौडेललाई 'बुट्टेनली' मायाको चिनोका रुपमा दिएको हो। थरिथरिका आकृति खोपेर बनाइएको बुट्टेनली जब विद्यालयका अध्यक्ष रामबहादुर केसीले राष्ट्रपति पौडेलको हातमा थमाउनुभयो, तब सुरक्षाकर्मीसहित कार्यक्रमका सहभागीहरु अचम्ममा परे। सो बुट्टेनली करिब दुई वर्ष पुरानो मौलिकता हो। बाँस तथा निगालोको नलीमा भगवान, चराचुरुङ्गी तथा विभिन्न आकृति बनाउने गरिन्छ। तर पछिल्लो समय बागलुङमा बुट्टेनली बनाउने मिस्त्रीहरु कमै छन्। बागलुङ जिल्लाकै पहिचान बनेको बुट्टेनली बनाउनेको सङ्ख्या घट्दै गएपछि लोप हुने अवस्थामा पुगेको छ।

विद्यालयका अध्यक्ष केसीले पाहुनालाई पहिचान झल्काउने वस्तु उपहार दिँदा जिल्लाको शिर उँचो हुने बताउनुभयो । बुट्टेनलीले बागलुङको मौलिकता र पहिचान झल्काउने हुँदा राष्ट्रपतिलाई उपहार दिएको उहाँको भनाइ छ। यसले बुट्टेनली उत्पादन र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने अध्यक्ष केसी बताउनुहुन्छ।

अध्यक्ष केसीले भन्नुभयो, "हामीले देशको प्रमुखलाई बागलुङको पहिचान झल्काउने बुट्टेनली मायाको चिनोका रुपमा दियौँ, यसले हाम्रो गरिमा, पहिचान र संस्कृतिलाई प्रवर्द्धन गर्छ भन्ने विश्वास छ, पहिले बुट्टेनलीको निकै बढी चर्चा हुन्थ्यो, तर अहिले पाउन पनि मुस्किल पर्छ ।"बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले कालीगण्डकीमा पाइने शालिग्रामको राष्ट्रपति पौडेललाई उपहार दिनुभएको थियो । विश्वको एकमात्र नदी कालीगण्डकीमा मात्रै पाइने शालिग्रामको प्रवर्द्धनका लागि मायाको चिनोका रुपमा शालिग्राम दिएको प्रमुख श्रेष्ठले बताउनुभयो।


## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०८२/१०/०२ गते)**

यस **सिटी बचत तथा प्राण सहकारी संस्था लि**. पोखरा-९ बाट तपशिल उल्लेखित सदस्यले अचल सम्पती धितो सुरक्षण राखी ऋण लिनु बझाउन पर्ने साँवा ब्याज हर्जना ब्याज समय भित्र नतिरी नबुझाई यस संस्थासँग गर्नु भएको सम्भौता उल्लङ्घन गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित जानकारी गराउदाँ समेत आफूले बुझाउन पर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अत यो सूचना प्रकाशित भएको मितीले ७ (सात दिनभित्र) यस संस्थालाई बकाउन पर्ने साँवा ब्याज हर्जना ब्याज तथा दै-दस्तुर रकम बुझाउनुहोला। अन्यवा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको सम्पूर्ण श्रीसम्पती सहकारी ऐन नियमवली तथा संस्थाको ऋण असुली निती बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपशील**

| ऋणी सदस्यको विवरण | धनजमानी सदस्यहरुको विवरण | धितो रहेको सम्पति विवरण |
|---|---|---|
| **नामः सुरेन कुमार नेपाली**<br>ना.प्र.न.: १२७५३०<br>जारी मितिः २०५९/०३/३२<br>बाजेको नामः पूर्ण बहादुर नेपाली<br>बाबाः राम बहादुर नेपाली<br>पत्नीः बिजु नेपाली<br>स्थायी ठेगानाः प्रस्याङ्ग -५ | १) **नाम : बिजु नेपाली**<br>ना.प्र.न.: १५६६६७<br>जारी मितिः २०६२/०१/११<br>बाजेको नामः कुल बहादुर नेपाली<br>बाबाः विष्णु नेपाली<br>पति/पत्निः सुरेन कुमार नेपाली<br>स्थायी ठेगाना प्रस्याङ्ग -५<br>२) **नामः सरु नेपाली**<br>ना.प्र.न.: ४६१००१/८७८<br>जारी मितिः २०६४/०२/०३<br>बाजेको नामः पुर्ण बहाद्र नेपाली<br>बाबाः भक्त बहादुर सार्की<br>पति/पत्निः शुरेश नेपाली<br>स्थायी ठेगानाः हेटौडा-७<br>हालको ठेगानाः प्रस्याङ्ग ५ | कास्की पो.उ.न.पा. ५<br>क्षेत्रफलः<br>०-२-३-०/<br>७३ वर्ग मिटर<br>घर समेत कित्ता नं. १८८ |

सिटी बचत तथा ऋण सहकारी संस्था लि.
City Saving & Credit Co-operative Ltd.

**न्यूरोड, पोखरा**

**फोन नं. ०६१-५८४८८२, ५८४८८३**